# QCBank प्रयोग गर्ने संम्बन्धीका सर्तहरू

## धारा १ (QCBank को परिभाषा)

QCBank भन्नाले निर्दिष्ट सीप भएका बिदेशीहरूकालागी रोजगार सुचना अथवा बिदेशी निर्दिष्ट सिप भएका हरूको आबस्यक परेका कम्पनीले बिग्यापन गर्ने माध्यमलाई प्रमुख भुमिका जनाउँने छ ।

## धारा २ (QCBank को प्रयोग)

QCBank प्रयोगकर्ताहरूले देहाएका सर्तहरूका साथै QCBank ब्यक्तिगत सुचना ब्यवस्थापन नियमहरू पालना गर्ने सहमत भएको मानिने छ। यदि असहमत भएको खण्डमा QCBank प्रयोग गर्न सकिने छैन।

## धारा ३ (सदस्यता)

1. QCBank को सदस्यता (यहाँ 「सदस्य」 भनिने छ), संम्पुर्ण प्रयोगकर्तामा, जापानमा आवासिय निर्दिष्ट सीपका काममा रूचि भएका बिदेशी कामदार, ब्यक्तिगत सुचना (QCBank ब्यक्तिगत सुचना ब्यवस्थापन नियमहरू पालना गर्ने सर्तमा मंन्जुर) साथै जागिर खोज्नको लागी आवस्यक जानकारी (यहाँ 「गतिबिधीको सुचना」 भनिने छ) लाई QCBank मा दर्ता गरी, स्वीकृति प्राप्त गर्नेहरूलाई बुझाउँछ।
2. सदस्यहरूले, ब्याक्तिगत सुचाना साथै गतिबिधीको सुचना लाई 「दर्ता गरेको सुचना」 भनिने छ) सदस्यहरू आफुले दर्ता गरेको जानाकारीको जिम्मेबारी हुनुपर्ने छ ।
3. सदस्यहरूले QCBank मा कुनै पनि समयमा दर्ता गरिएको जानकारी जाँच गर्न, परिमार्जन गर्न र मेटाउन सक्ने छन्।
4. QCBank ले यदि सदस्यहरूले निर्धारित सर्तहरू उल्लङ्घन गरेको भटिएमा, उक्त सदस्यलाई पुर्व सुचना बिना दर्ता गरेको बिबरणलाई परिमार्जन वा मेटाउन सक्ने छ ।
5. सदस्यहरूले आफ्नो सदस्य आईडी र पासवर्डहरू आफ्नै जिम्मेवारीमा प्रयोग र व्यवस्थापन गर्नेछन्, र कुनै पनि परिस्थितिमा तिनीहरू तेस्रो पक्षद्वारा प्रयोग गर्न वा स्थानान्तरण गर्न पाइने छैन।
6. सदस्यहरूले आफुले दर्ता गरेको बिवरण र अन्य जानाकारीहरू आफ्नै जिम्मेवारीमा भण्डार गर्नेछन् । QCBank ले  दर्ता भएका बिवरणलाई भण्डारण गर्ने दायित्य हुने छैन् ।

## धारा ४ (सेवा परिबर्तन आदि)

1. QCBank ले प्रयोगकर्ताहरूलाई पुर्व सुचना बिना सेवाहरूको प्रावधान परिवर्तन वा अस्थाई रूपमा निलम्बन गर्न सक्नेछ ।
2. QCBank ले वेबसाईट मार्फत एक महिनाको अबधि राखी सुचना मार्फत सेवाहरूको प्रावधान लामो समयकालागी निलम्बन वा बन्द गर्न सक्ने छ ।

## धारा ५ (प्रयोग कर्ताको लागी निषेधित कार्यहरू)

प्रयोगकर्ताहरू QCBank मा निम्न कार्यहरूमा संम्लग्न हुने छैनन्|

a. मिल्दोजूल्दो बिवरण, गलत बिवरण, वा अरूको बिवरण दर्ता गर्ने कार्यहरू
b. QCBank अथवा तेस्रो पक्षको बौद्धिक सम्पत्तिको अधिकार, गोपनीयता वा अन्य अधिकारहरू उल्लङ्घन गर्ने कार्यहरू
c. QCBank अथवा तेस्रो पक्षलाई भेदभाव, आलोचना, आक्रमण वा निन्दा गर्ने कार्यहरू
d. QCBank अथवा तेस्रो पक्षको व्यवसायको सञ्चालनमा हस्तक्षेप गर्ने कार्यहरू
e. QCBank अथवा तेस्रो पक्षहरू प्रति हिंसात्मक व्यवहार, अनुचित मागहरू वा तिनीहरूसँग मिल्दोजुल्दो कार्यहरू
f. माथीका ४ धाराहरूका अतिरिक्त, QCBank अथवा तेस्रो पक्षलाई नोक्सान पुऱ्याउने कार्यहरू
g. सर्भर वा अन्य कम्पनीको कम्प्युटरमा अवैध रूपमा एक्सेस् गर्ने कार्यहरू
h. यस साइटसँग सम्बन्धित सुचना, संञ्चारका सामग्रीहरू बुझ्ने, विश्लेषण गर्ने, डिकम्पाइल गर्ने, विघटन गर्ने वा रिभर्स इन्जिनियरिङको मिल्दोजुल्दो कार्यहरू
i. QCBank को पुर्व अनुमति बिना स्वचालित माध्यमहरू प्रयोग गरेर डाटा प्राप्त गर्ने साथै अनाधिकृत डाटा एक्सेस् गर्ने प्रयास गर्ने कार्यहरू
j. नाफा लिने उदेश्यका कार्यहरू
k. राजनीतिक गतिविधिहरू, चुनावी अभियानहरू, धार्मिक गतिविधिहरू वा मिल्दोजुल्दो कार्यहरू
l. कानून उल्लङ्घन, आपराधिक कार्यहरू, वा सार्वजनिक व्यवस्था र नैतिकता विपरीत कार्यहरू
m. कम्पनीले अनुपयुक्त ठानेका अन्य कार्यहरू

## धारा ६ (दायित्व/वारेन्टी)

1. QCBank संम्पुर्ण जिम्मेवार भएको अवस्था बाहेक, QCBank को प्रयोगकर्ता वा तेस्रो पक्षहरूले प्रयोग गर्दा गरेका कुनै पनि क्षतिको लागी यस कम्पनी जिम्मेवार हुने छैन। यद्पी QCBank जिम्मेवार भए पनि, यस कम्पनीले जानाजानी वा घोर लापरवाही नगरेसम्म QCBank को उत्तरदायित्वको दायरा प्रत्यक्ष र वास्तविक सामान्य क्षतिमा सिमीत हुनेछ।

2. भाइरसको क्षति जुन सामान्य भाइरस प्रतिरोधी उपायहरूद्वारा रोक्न सकिँदैन、प्राकृतिक प्रकोपबाट हुने क्षति、सावधानी अपनाउँदा पनि प्रणालीमा आएको समस्याका कारणले गर्दा हुने क्षति, QCBank लाई श्रेय नहुने कारणहरूले गर्दा हुने कुनै पनि क्षतिको लागि QCBank जिम्मेवार हुनेछैन।

3. QCBank द्वारा संम्प्रेषण गरेको रोजगार कम्पनीका सुचना, बिग्यापनहरू, मेसेजहरू आदान प्रदान सँगै संलग्न इलेक्ट्रोनिक फाइलहरूको संम्बन्धमा कुनै ग्यारेन्टी लिने छैन्। प्रयोग कर्ताले आफ्नै मंन्जुरी र जिम्मेवारीमा प्रयोग गर्ने छन् ।

4. यदि प्रयोगकर्ताले QCBank को प्रयोग गर्दा तेस्रो पक्षलाई नोक्सान पुऱ्याउँछ भने, प्रयोगकर्ताले यसको आफ्नै जिम्मेवारीमा समाधान गर्नुपर्ने छ  र QCBank ले कुनै जिम्मेवारी वहन गर्ने छैन।

5. QCBank ले प्रयोगकर्ताहरूको जागिरका गतिबिधीहरूको परिणामको ग्यारेन्टी गर्नेहछैन् ।

## धारा ७ (दर्ता भएका सुचना आदिको प्रयोग)

1. दर्ता भएका सुचनाहरू, सदस्यहरूलाई सर्बिस् दिन, व्यक्तिगत प्रमाणीकरण, कामदिने कम्पनीकालागी सुचना दिनका लागी प्रयोग हुनेछ।

2. सदस्यहरूलाई QCBank बाट समय-समयमा ईमेलहरू, कामदिने कम्पनीका मेसेजहरू पठाउने बारेमा पहिला नै सहमत हुनुपर्ने छ ।

## धारा ८ (बौद्धिक सम्पत्तिको अधिकार)

1. QCBank मा समावेश सबै सामग्री को बौद्धिक सम्पत्तिको अधिकार QCBank लाई नै हुनेछ। यद्यपि, यो सूचना प्रदायक वा सूचना प्रदायकद्वारा सुम्पिएको व्यक्तिद्वारा सिर्जना गरिएका पाण्डुलिपिहरू, फोटोहरू, भिडियोहरू, आदिमा लागू हुनेछैन।

2. QCBank ले सदस्यहरूलाई बिभिन्न प्रश्नावली, सर्वेक्षण, क्याम्पेन, मनिटर आवस्यकता आदि सञ्चालन गर्न सक्ने छ। यस कम्पनीले सदस्यहरू द्वारा QCBank मा आफै पोष्ट गरेका बिचार, जानकारी, आदि सामग्रीहरू  QCBank बाट प्रसित मेडिया, प्रत्रिका अथवा वेबमा पुन प्रयोग गर्न सक्ने बारेमा पहिला नै सदस्यहरू सहमत भएको हुनु पर्ने छ ।

3. अघिल्ला धारालाई आधार बनाई QCBank ले बनाएका, र्सिजना गरिएका सुचना आदीमा प्रतिलिपि अधिकार QCBank लाई हुनेछ।

## धारा ९ (सदस्य फिर्ता / निष्कासन)

1. सदस्यहरूले QCBank बाट स्वतन्त्र रूपमा निस्कन सक्ने छन्। वेबबाट निस्किने प्रकृया प्रयोग गर्न सक्नेछन्।

2. QCBank प्रयोगका सर्तहरू सदस्यहरूले पालना नगरेको पाएमा, पुर्ब सुचना बिना निस्कासन वा QCBank को प्रयोग अस्थायी रूपमा निलम्बन गर्न सकिने छ।

3. सद्स्यहरूले QCBank अन्तिम लगइन गरेको मिति देखि निश्चित समय अबदि भित्र लगइन नगरेको खण्डमा सदस्यलाई पुर्व सुचना बिना निस्कासनको प्रकृया अगाडी बढाऊन सक्नेछ ।

## धारा १० (प्रयोगका सर्तहरूमा परिवर्तनहरू)

QCBank ले सदस्यको सहमति प्राप्त बिना यो सम्झौता परिवर्तन गर्न सक्नेछ। यस कम्पनीको अघिल्ला धारामा उल्लेखित बुधाहरू परिवर्तन वा परिमार्जन गर्ने ब्याहोरा सर्त लागुहुने १ महिना पहिले र परिबर्तित सर्तहरू लागूहुने मिति QCBank को वेब पेज मार्फत सुचना दिइ लागु गर्न सक्ने छ।

## धारा ११ (अलग्ग खण्ड)

यस सम्झौताको एक अंशको प्रभाव कानून वा अन्तिम निर्णयद्वारा अमान्य भए पनि, अन्य प्रावधानहरू मान्य रहनेछन्।

## धारा १२ (प्रचलित कानून/सहमत क्षेत्राधिकार)

यस सर्त सम्झौता प्रचलित जापानी कानून अनुसार हुने छ। यस सम्झौतासँग सम्बन्धित कुनै पनि विवादहरूको लागि, टोकियो जिल्ला अदालत अथवा टोकियो क्षेत्रिय अदालत लाई बिशेष अधिकार क्षेत्रको अदालत मानिने छ।

**पूरक प्रावधानहरू यो सम्झौता अप्रिल 1, 2023 देखि लागू हुनेछ।**

**संम्पर्कका लागी QCBank को कार्यालय support@qc-bank.org**